# वार्षिक बुलेटिन
# २०२३




# नेपाल अपाङ्ग महिला संघ

**२५ वर्षदेखि निरन्तर अपाङ्गता भएका महिलाको अधिकार प्रवर्द्धन गर्दै**




# हाम्रो भनाइ

नेपाल अपाङ्ग महिला संघ अपाङ्गता भएका महिला तथा बालबालिकाको अधिकार सुनिश्चित गर्न वि.सं. २०५४ सालमा स्थापना भएको राष्ट्रियस्तरको गैरसरकारी संस्था हो ।

अपाङ्गता भएका महिलाद्वारा स्थापित र नेतृत्वदायी यस संस्थाले लैंगिक समानता, सामाजिक न्याय, अपाङ्गता भएका महिलाको समावेशी सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय तहदेखि संगठित गरि क्षमता बढाउँदै संघीयस्तरसम्म नीतिगत पैरवी, वकालत, कानुन कार्यान्वय र लैंगिक हिंसाविरूद्धका अभियान सञ्चालन गर्दै प्रभावितलाई न्यायमा पहुँच र राज्यका सेवा सुविधाका वारेमा जानकारी र अभिमुखीकरण गर्ने काम गर्दै आएको छ ।

अपाङ्गता भएका महिलाको शसक्तिकरण गरी आफू र आफ्नो समुदायमा महिलामाथि भइरहेको लैंगिक विभेदविरूद्ध लड्न सक्ने वनाउन संघले समुदायकादेखिका अपाङ्गता भएका महिला र उनका अभिभावकलाई सञ्जालमामा आवद्ध गर्दै संगठित गरी नेतृत्व तयार पार्ने काम गरिरहेका छ । संस्थाले स्थापनाकालदेखि नै अधिकारमुखी अवधारणालाई प्राथमिकतामा राखी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ ।

निर्णायक तहमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व गराइ उपलब्ध श्रोतमा समान पहुँच र अवसरको सदुपयोग गर्नका लागि जसको सवाल उसैको नेतृत्व भन्ने मान्यतालाई आत्मसात गर्दै संघ अपाङ्गता भएका महिलाको आन्दोलनलाई

वलियो बनाउन एक कोशेढुङ्गा सावित भएको छ । अभियानको लगभग साढे दुईदशकको यात्रामा थुप्रै उपलब्धी र सफलता प्राप्त गर्न नेपाल अपाङ्ग महिला संघ सक्षम भएको छ ।

अपाङ्गता भएका महिलाको शिक्षामा पहुँच, उनीहरूको बौद्धिकका साथै नेतृत्व क्षमताको विकास, स्वरोजगार बन्न उत्प्रेरित गरी आर्थिक रूपमा आत्मनिर्भर बनाउन संघले निर्वाह गरेको महत्वपूर्ण भूमिका उदाहरणीय छन् । यस्ता गतिविधिले परिवार र समाजको अपाङ्गता भएका महिलाप्रतिको दृष्टिकोण सकारात्मक वन्दै गएको छ ।

संस्था स्थापनाको २८ वर्षको अवधीमा संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो उपस्थिति वढाएको छ ।

यसवीचमा नेपाल सरकार र अन्तर्राष्ट्रिय साझेदार निकायहरूले समेत आर्थिक, प्राविधिक र विशेषज्ञताको सहयोग, साझेदारीका कारणले संघ अहिले राष्ट्रियरूप मै एक स्थापित संस्थाको पहिचान वनाउन सफल भएको छ । जानकारी गराउँदै हामी सवै प्रति आभार व्यक्त गर्दछौं । यसैगरि संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग गर्ने व्यक्ति र संस्थाहरू, कर्मचारी तथा स्वयंसेवकहरूलाई पनि आगामी दिनमा समेत यस्तै हातेमालो र साझेदारीको अपेक्षा सहित धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

**टीका दाहाल**<br>
अध्यक्ष<br>
नेपाल अपाङ्ग महिला संघ,<br>
कालोपुल, काठमाडौं ।

# हाम्रो बारेमा

नेपाल अपाङ्ग महिला संघ २०५४ सालमा स्थापना भइ अपाङ्गता भएका महिलाको शसक्तिकरण, क्षमता विकास र हिंसा प्रभावित अपाङ्गता भएका महिला तथा बालिकाको न्यायको पहुँच सुनिश्चित गर्नका लागि वकालत, पैरवी र सचेतना जगाउने कार्यमा निरन्तर रुपमा लागि परेको छ ।

अपाङ्गता भएका महिलाको शसक्तिकरण तथा नेतृत्व विकास, आर्थिक शसक्तिकरण र राजनीतिक अधिकारलगायत राज्य संरचनाका सबै तहमा समाबेशी र अर्थपूर्ण प्रतिनिधित्वका लागि वकालत/पैरवीका कार्य प्रमुख प्राथमिकताका क्षेत्र हुन् । हिंसा प्रभावित अपाङ्गता भएका महिला तथा बालिकाको सुरक्षा, न्यायमा पहुँच, तत्काल र दिर्घकालिन पुनर्स्थापनाको लागि काम गर्दै आएको छ ।

हालसम्म संस्थाले सञ्चालन गरेका बिभिन्न अभियान र क्रियाकलापहरू संघीयस्तरदेखि ३४ जिल्लाका २५ हजार अपाङ्गता भएका महिला तथा बालिकासम्म पुग्न सफल भएको छ ।




नेपाल अपाङ्ग महिला संघले देशको शहरी, ग्रामीण र दुर्गम तथा विकट क्षेत्रहरूमा रहेका अपाङ्गता भएका महिलालाई संगठित गरी अपाङ्गता प्रतिको विभेद अन्त्य गरी आफ्नो अधिकारप्रति सचेत, सक्षम र सशक्त बनाउने कार्य गर्दै आएको छ । राज्यबाट पाउने सेवा सुविधाका बारेमा जानकार भएका छन् भने आफ्नो अधिकारका बारेमा सचेत भइ प्रयोग गर्न आफु र अरूको लागि पनि आवाज उठाइरहेका छन् ।

अपाङ्गता भित्र पनि अति सिमान्तकृत अवस्थामा रहेका अवसरबाट बन्चित दलित, जनजाति, मधेसी, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत पूर्ण र अति असक्त अपाङ्गता भएका महिला/बालिकाको आत्मविश्वास बढाउन र आत्मसम्मानसहित जीवनयापन गर्ने वातावरणको सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो र यो निकै चुनौतीपूर्ण छ । यस सन्दर्भमा शिक्षा, स्वास्थ्य, रोजगारी, पुनःस्थापना र सामाजिक सुरक्षालगायतका महत्वपूर्ण सवालहरूमा वकालत गर्न नेपाल अपाङ्ग महिला संघले निकै ठुलो भूमिका निर्वाह गरेको छ ।

## परिकल्पना

अपाङ्गता भएका महिला तथा बालिकाहरू समतामूलक, समावेशी तथा न्यायपूर्ण समाजमा स्वाभिमानपूर्वक जिवनयापन गरिरहेका हुनेछन् ।

## ध्येय

अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई समाजका सबै क्षेत्रमा समावेशीकरण, अधिकारको व्यवस्था र उपभोगका लागि संगठित सशक्तिकरण र वकालत गर्ने ।

## लक्ष्य


अपाङ्गता भएका महिलाको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक अवस्थामा सकारात्मक परिवर्तन गर्नु ।




# कार्यकारी सारांश

नेपाल अपाङ्ग महिला संघले नीतिगत पैरवी र वकालतका लागि नीति निर्माताहरू, राजनीतिक दल र विभिन्न निकायका प्रतिनिधिहरूसँग छलफल र अन्तर्क्रिया गर्दै आएको छ । समुदायमा अपाङ्गता भएका महिला र यही क्षेत्रका सरोकारवालासँगको अन्तर्क्रिया र छलफलबाट आएका निष्कर्ष र सुझावलाई नीतिगत पैरवीका लागि सवाल निर्माणमा संघले निरन्तर काम गरिरहेको छ ।

समुदायमा सचेतना र क्षमता अभिबृद्धि गर्ने काम संघले स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म गरिरहेको छ । अपाङ्गता भएका महिला र वालिकामाथि हुने हिंसा न्यूनिकरण तथा अन्त्य गर्ने, न्याय दिलाउन पहल गर्ने, महिलाको नेतृत्व विकास गर्दै शिक्षा, स्वास्थ्य, रोजगार तथा स्वरोजगार, तालिम र सचेतनामूलक अभियानलाई प्राथमिकता दिइ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै हिंसा प्रभावित, विभेद र अन्यायमा पारिएका अपाङ्गता भएका महिलाको अल्पकालीन र दिर्घकालिन पुर्नस्थापना गर्ने, कानुनी सहायता र न्यायमा पहुँच बढाउने कार्यमा सहजीकरण र सहयोग पुऱ्याउँदै आएको छ । यो वर्ष संघले हिंसा प्रभावित महिलाको न्यायमा पहुँच बढाउनका लागि हेल्पलाइन संचालनमा ल्याएको छ । सन् २०२३ मा नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका विभिन्न तालिम, अर्न्तक्रिया, अभिमुखीकरण, अभियान र पैरवीका कार्यक्रममा १ हजार ५ सय ७ जना प्रत्यक्ष रूपमा सहभागी भएका छन् ।



# हालको कार्यक्षेत्र


PROVINCE NO. 1
PROVINCE NO. 2
PROVINCE NO. 3
PROVINCE NO. 4
PROVINCE NO. 5
PROVINCE NO. 6
PROVINCE NO. 7

# अपाङ्गता अभियान (गतिविधिहरू)

## पैरवी/ वकालत

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न नेपाल सरकारले विभिन्न कानुन नियम बनाएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्धी ऐन २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा छ । यी कानुनमा अपाङ्गता भएका व्यक्तिले राजनीतिक, सामाजिक,आर्थिक र साँस्कृतिक अधिकार अन्य व्यक्तिसरह समान हुने कुरा उल्लेख छ ।

नेपालको संविधानले जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । साथै समानता हकले कानुनको दृष्टिमा समान हुने भनेको छ उक्त धारामा शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थितिका आधारमा भेदभाव गर्न नपाइने उल्लेख छ ।

यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अतर्राष्ट्रिय महासन्धि UNCRPD ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार पनि अरू व्यक्तिको जति नै छ भन्ने कुरा निश्चित गर्न, उनीहरूले सबै मानव अधिकार उपयोग गर्न पाउनुपर्छ र अरू मानिसहरू जति नै स्वतन्त्र र आत्मसम्मानका साथ बाँच्न पाउनुपर्छ भन्ने कुरा निश्चित गरेको छ ।

यसै सन्दर्भमा अपाङ्गता नीति बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारीमा बसेकाहरूलाई झक्झक्याउने, कार्यान्वयन गर्न आवाज उठाउने, दवाव दिने उद्देश्यले नेपाल अपाङ्ग महिला संघले आफ्नो पैरवीको कामलाई गहनरूपमा सञ्चालन गर्‍यो साथै नेपाल अपाङ्ग महिला संघले नीति निर्णयमा रहेका विभिन्न सरोकारवालाहरूसँग आफ्ना सवालसहित भेटघाट र छलफल गरेको छ ।

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष

अपाङ्गता गरिवीको कुचक्रलाई अन्त्य गर्न गरिबीको रेखामुनी भएकाहरूको पहिचान गरी अपाङ्गता युवा लक्षित कार्यक्रमहरू लागु गरिनुपर्ने, अपाङ्गता भएका व्यक्तिहरूको स्वरोजगारीलाई प्रवर्द्धन गर्न स्वरोजगारमुलक तालिम, विउपुँजी वितरण, सहकारी प्रवर्द्धन, बचत तथा ऋण कार्यक्रम र सुलभ व्याजदरमा ऋण उपलब्ध गराउने र वजार प्रवर्द्धनका कामहरू गरिनुपर्ने मागसहित संघको नेतृत्वमा अपाङ्गता अधिकारमा काम गर्ने संघसंस्थाका प्रतिनिधिसहितको समूहले युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी उपाध्यक्ष डा देवराज रोकासँग भेटी छलफल गऱ्यो ।

छलफलमा युवा स्वरोजगार कोषका पदाधिकारी, कर्मचारी र अपाङ्गता क्षेत्रमा काम संघसंस्थाका २१ जना प्रतिनिधि सहभागी थिए ।



*युवा स्वरोजगार कोषका उपाध्यक्षलाई ध्यानाकर्षण पत्र बुझाउँदै अध्यक्ष दाहाल*

## प्रतिवद्धता

कोषको नीति नियममा अपाङ्गता भएका व्यक्तिका संस्थालाई ऋण प्रवाहमा प्राथमिकतामा राख्ने कुराको पहल गर्नेछु ।

युवा स्वरोजगार कोषबाट वित्तिय संस्थामार्फत प्रवाह हुने ऋण स्वीकृतिका लागि सम्झौता गर्दा हरेक सहकारीले एकजना अपाङ्गता भएका व्यक्तिलाई ऋण प्रवाह गर्ने गरी सम्झौता गर्ने वातावरण बनाउनका लागि प्रतिवद्धता जनाउँछु ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले युवा स्वरोजगार कार्यक्रमसँग सम्झौता गरी बेरोजगार युवाहरूलाई ऋण उपलब्ध गराउने सहकारीमा कम्तीमा दुईसय शेयर सदस्य हुनुपर्ने र सहकारी दर्ता भएको २ वर्ष हुनुपर्ने प्रावधान छ तर अपाङ्गता भएका व्यक्तिले सहकारी स्थापना गरेको ३ महिना पुरा भइ २५ जना शेयर सदस्य भएमा ऋण प्रवाह गर्न योग्य हुने व्यवस्था गर्ने प्रतिवद्धता जनाउँछु ।

# सांसदहरूसँग छलफल



नेपाल अपाङ्ग महिला संघले अपाङ्गता सम्बन्धी बनेका कानून तथा नीति नियमहरूको कार्यान्वयन र अपाङ्गता भएका नागरिक, अपाङगता भएका महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, तीनमा भएका व्यवस्था, कमजोरी र सुधारको विषयमा छलफल गर्न २ वटा छलफल आयोजना गऱ्यो ।

सीवीएम ग्लोवल डीसेविलीटी इन्क्लुजनसँगको सहकार्यमा भएका यी छलफलमा २३ जना सांसदलगायत अपाङ्गताको क्षेत्रमा काम गर्ने अपाङ्गता अधिकार क्षेत्रमा काम गर्दै आएका अधिकारकर्मीहरूको सहभागिता थियो



## कमला पन्त

अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगीको व्यवस्था, राज्यका बिभिन्न नीजि र सरकारी निकायमा रोजगारीको व्यवस्था गर्ने कुरा मन्त्रिपरिषदको निर्णयबाटै हुने हुनाले तुरुन्तै पहल गर्न सकिन्छ ।



## रञ्जु ठाकुर

बन्दै गरेका निर्वाचन ऐनमा स्थानीय तहमा एकजना अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने

प्रावधान राख्न व्यक्तिगतरूपमा सांसदको हैसियतले पहल गर्नेछु ।



## गरिमा शाह

अपाङ्गता भएका व्यक्तिका अधिकारका लागि उनीहरूले उठाएका सवालहरू संसदमा उठाउनेछु । अपाङ्गताका क्षेत्रमा कार्यरत सरोकारवालहरूसँग छलफल गरेर कानुन सुधारका लागि आवश्यक संशोधन हाल्ने प्रतिवद्धता जनाउँछु



## प्रकाश पन्थ

अधिकारको आन्दोलनका धेरै समय अधिकार लेख्ने कुरामा गयो । लेखिएको अधिकार कार्यान्वयनका लागि अवको आन्दोलन केन्द्रित गर्न जरूरी छ । 'अव पाताको कुरा हातमा ल्याउन आन्दोलन गरौं ।' नीति बनाउने ठाउँमा भएपनि कार्यान्वयन गर्ने ठाउँमा नभएकाले यसका लागि आवाज उठाउन प्रतिवद्ध छु ।



## जयन्ती राइ

समितिले हाल ऐनहरूको कार्यान्वयन मापन गरिरहेको र अपाङ्गता अधिकार ऐनको प्रभावकारिता र त्रुटीहरू हेरेर संसोधन आवश्यक भएमा अध्ययन गर्नेछौं । कानुन बनेको पाँचवर्षभित्र समितिले हरेक कानुनको कार्यान्वयन मापन गर्ने र यस कानुनको पनि अध्ययन गरी कार्यान्वयन मापन गर्ने प्रतिवद्धता जनाउछुं ।



## नगिना यादव

संसदमा आउने हरेक विधयेकमा अपाङ्गता अधिकारको विषयलाई समेट्न आफूले दलभित्र र संसदमा आवाज उठाउने छु । प्रतिनिधि सभा नियमावलीको मस्यौदा छलफलमा रहेकोले र उक्त नियमावलीमा महिला सेलको व्यवस्था छ, यस सेलमार्फत अपाङ्गता भएका महिलाका सवाललाई उठाउने प्रतिवद्धता जनाउँछु ।

# प्रदेश र पालिकामा पैरवी



*बागमती प्रदेशका सभामुख भुवन पाठकलाई ध्यानाकर्षणपत्र बुझाउँदै संघका उपाध्यक्ष मीना पौडेल*

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिला र बालिकाका सवाल पालिकाहरूका नीति कार्यक्रममा समावेश हुनुपर्छ भन्ने कुरालाई प्राथमिकता दिइ पालिकाका वडा वडा र बागमती प्रदेशका सामाजिक विकास मन्त्री सभामुख र सांसदसँग भेटर छलफल गरी आफ्ना सवालहरू हस्तान्तरण गऱ्यो ।



*बागमती प्रदेशका सामाजिक मन्त्री कुमारी मोक्तानलाई ध्यानाकर्षणपत्र बुझाउँदै संघका उपाध्यक्ष पौडेल*

स्थानीय सरकारको वडा तहदेखि नै अपाङ्गता भएका महिलाका समावेश गराउन संघले काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिकाका वडा अध्यक्ष र सदस्यहरूसँग अन्तर्क्रिया गऱ्यो । अपाङ्गता भएका महिलाका सवाल पालिकाको नीति तथा कार्यक्रम र बजेटमा सम्बोधन होस भन्ने उद्देश्यले संघले वडा अध्यक्ष, सदस्यहरू र अपाङ्गता भएका व्यक्तिहरूद्वारा संघसंस्थाका प्रतिनिधि र अपाङ्गता समन्वय समितिसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको हो । अन्तर्क्रियाका क्रममा संघले आगामी आर्थिक वर्षमा अपाङ्गता भएका महिलाका समेटिनुपर्ने सवालसहित २१ बुँदे ध्यानाकर्षण वडा अध्यक्ष र सदस्यहरूलाई बुझाएर यी सवाल प्रतिवद्धताका लागि छलफल गरेको थियो ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका र बुढानीलकण्ठ नगरपालिकाका वडा अध्यक्षहरू सदस्य बुढानीलकण्ठ नगरपालिकास्थिति अपाङ्गता समन्वय समितिका सदस्यहरू सामाजिक विकास विभागका प्रमुख र पालिकास्थित अपाङ्गता भएका महिलाको सञ्जाल गरी ७० जनाको सहभागिता थियो । यी अन्तर्क्रियामा ३० जना पालिकाका जनप्रतिनिधिको सहभागिता थियो ।



*बु न पा वडा ६ का अध्यक्ष रवि खड्कालाई ध्यानाकर्षण गराउँदै अध्यक्ष टीका दाहाल*

साथै संघका पदाधिकारी र कर्मचारी तथा बुढानीलकण्ठ नगरपालिकास्थित अपाङ्गता भएका महिलाहरूको सञ्जालका प्रतिनिधिसहितको प्रतिनिधिमण्डलले वडा अध्यक्ष र वडाका अन्य पदाधिकारीलाई वडा कार्यालयहरूमा नै भेटेर आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम र बजेटमा अपाङ्गता भएका व्यक्तिहरूका समेटिनु पर्ने सवालसहितको ध्याकर्षणपत्र बुझाउनुका साथै उनीहरूसँग छलफल गरेको थियो ।

# पालिका र प्रदेश सरकारसँग गरिएको पैरवीको उपलब्धी

**बागमती प्रदेश सरकार**

१. अपाङ्गता सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिने ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई सीप र क्षमता, आत्मसम्मानका लागि उत्पादनमा सहभागिता' भन्ने नारालाई मुर्तरूप दिन सीप, बीउ पुँजी र प्रविधि प्रदान गरी उत्पादित वस्तुको बजारीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने ।

३. सवै सार्वजनिक संरचनालाई अपाङ्गतामैत्री बनाइने ।

४. पूर्ण अशक्त अपाङ्गता भएकाको लागि सहयोगी भत्ता उपलब्ध गराउने ।

**बुढानीलकण्ठ नगरपालिका**

१. कार्यालयमा अपाङ्गता सहायता कक्षको व्यवस्था गर्ने कुरा नीति कार्यक्रममा समेटे अनुसार अपाङ्गता सहायता कक्ष स्थापना गरेको छ । जुन नेपाल अपाङ्ग महिला संघले राखेका मागहरू मध्ये प्रमुख माग रहेको थियो ।

२. सार्वजनिक यातायात, पालिकाभित्र बन्ने सार्वजनिक संरचना अपाङ्गतामैत्री बनाउने,

३. अटिजम केयर स्कुल र सेण्टर सञ्चालन गर्ने,

४. अपाङ्गता भएका, कुष्ठ रोग संक्रमित, एसिड पीडितलगायत विशेष शिक्षा दिनुपर्ने आवश्यकता भएकालाई वैकल्पिक शिक्षाको उचित व्यवस्था गर्ने,

५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका महिला तथा बालबालिकाका लागि विशेष कार्यक्रम ल्याइने,

६. अपाङ्गता भएका, कुष्ठ रोग संक्रमित, एसिड पीडित, एकल महिला, गृहिणी, अटिजम भएका, हिंसापीडित व्यक्ति वा समूहबाट भएका उत्पादनलाई विशेष प्राथमिकता दिइने,

७. वेवारिसे, हिंसापीडित, टुहुरा, अपाङ्गता भएका र असाहय बालबालिकालाई आपत्कालिन उद्दार तथा पुर्नस्थापनाको व्यवस्था गरिने,

८. पैदलयात्रु अपाङ्गता तथा जेष्ठ नागरिकमैत्री सडक निर्माण,

९. मनोसामाजिक अपाङ्गताका लागि मनोविमर्श सेवालाई विस्तार र सुदृढिकरण गर्ने,

१०. न्यायिक कार्यका क्रममा बहिरा व्यक्तिहरूका लागि दोभाषेको व्यवस्था गर्नेलगायतका सवालहरू नीति कार्यक्रममा समेटेको छ ।

**काठमाडौं महानगरपालिका**

१. अपाङ्गता भएका नागरिकलाई सीपमूलक तालिम र अभिभावकलाई स्याहार सीप कार्यक्रम ।

२. सवै किसिमका अपाङ्गता भएका स्थानीय नागरिकका लागि खेलकुद तथा सहायक सामग्री वितरण

३. अपाङ्गता लक्षित खेलकुद कार्यक्रम, अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थासँग सहकार्य

४. अपाङ्गता भएका नागरिकलाई सीपमूलक तथा अभिभावकलाई स्याहार सीप कार्यक्रम ।

५. डाउन सिण्ड्रोम, सेरेव्रल पल्सी, मस्तिष्क पक्षघात भएका बालबालिका लक्षित कार्यक्रमका लागि विभिन्न संघसंस्थालाई सहयोग ।

६. अटिजम भएका व्यक्तिका लागि विद्यालय तथा अटिजम सम्बन्धित कार्यरत संस्थासँग सहकार्य गर्नेलगायतका बिषय बजेटमा समेटेको छ ।

# नेपाल प्रहरीसँग पैरवी



*राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल थापालाई ध्यानाकर्षण पत्र बुझाउँदै अध्यक्ष दाहाल*

न्यायमा पहुँचका लागि हिंसा प्रभावित महिलाको पहिलो खुड्किलो नेपाल प्रहरी हो । नेपाल प्रहरीका सेवा र भौतिक संरचना पहुँचयुक्त नहुँदा अपाङ्गता भएका महिलाको न्यायिक प्रक्रिया अगाडी बढ्न सक्दैन ।

त्यसैले नेपाल प्रहरीका सवै सेवा र अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गरिने भाषा र समग्र अपाङ्गता र यसभित्रको लैंगिक संवेदनशीलताका विषयलाई नेपाल प्रहरी प्रतिष्ठानले प्रहरीलाई दिने तालिम पाठ्यक्रममै समावेश गर्नेबारे छलफल गर्न उपत्यका प्रहरी कार्यालय टेकु र नेपाल प्रहरी प्रतिष्ठान महाराजगञ्जमा छुट्टाछुट्टै अन्तर्क्रिया र भेटघाट गऱ्यो ।




*कालीमाटी प्रहरीको महिला सेलमा राखिएको छुट्टै फाइल*

यसक्रममा उपत्यका प्रहरी कार्यालय प्रहरी उपरीक्षक सीताराम रिजालले लैङ्गिक हिंसाका उजुरी लिने क्रममा अपाङ्गताको प्रकार अनुसारको अभिलेख प्रणालीको विकास गर्ने प्रतिवद्धता अनुसार महिला तथा बालबालिका सेवा केन्द्र कालीकाटीमा यसका लागि छुट्टै नाम दर्ताको फाइल राख्न सुरू गरेको छ ।

यसैगरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल थापाले प्रहरीहरूलाई उपलब्ध गराउने तालिमको पाठ्यक्रममा अपाङ्गताको विषय समावेश गर्न पहल गर्न सकिने बताउनुभएको थियो ।

# गतिविधि

## यूएनसीआरपीडीको छायाँ प्रतिवेदन तयारीका लागि कार्यशाला

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि यूएनसीआरपीडीको छायाँ प्रतिवेदन तयारीका लागि सरोकारवालाहरूसँग ३ वटा परामर्श छलफलको आयोजना गर्‍यो। दुईवटा परामर्श काठमाडौं र एउटा बागमती प्रदेश राजधानी हेटौंडामा गरिएको थियो ।



*छायाँ प्रतिवेदनका लागि तयारी छलफल*

कार्यशालामा सहभागीहरूले अपाङ्गता अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सीआरपीडीका विभिन्न पाँचवटा धारालाई प्रथमिकतामा राखेर छलफल गरिएको छ ।

सहभागीहरूलाई अपाङ्गता अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका धारा ६ अपाङ्गता भएका महिला, धारा १२ समान कानुनी मान्यताको अधिकार, धारा १३ न्यायमा पहुँचको अधिकार, धारा १६ शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता र धारा १७ व्यक्तिको अखण्डताको संरक्षणमा सरोकारवालाहरूको समूह विभाजन गरी कार्य गरिएको थियो ।

सीवीएम ग्लोवल डीसेविलीटी इन्क्लुजनसँगको सहकार्यमा पहिचान परियोजना अन्तर्गत गरिएका यी तीनवटा कार्यशालामा राष्ट्रिय अपाङ्ग महासंघका पदाधिकारी, अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधि गरी ७४ जनाको सहभागिता थियो ।

# हेल्पलाइन सेवा सुरू

**"अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं ।**

"यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला ।

**९८०१५७१२२५**

**हेल्पलाइन सेवा प्रयोग गरी न्यायमा पहुँचको सुनिश्चितता गरौं ।**

नेपाल अपाङ्ग महिला संघले लैङ्गिक हिंसा न्यूनिकरण र हिंसा प्रभावित अपाङ्गता भएका महिला र बालिकाको न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले हेल्पलाइन सेवा सुरू गरेको छ । नेपाल अपाङ्ग महिला संघले लैङ्गिक हिंसा न्युनीकरण र हिंसा प्रभावित अपाङ्गता भएका महिला बालिकाको न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले पैसा नलाग्ने नि:शुल्क हेल्पलाइन नम्बर ९८०१५७१२२५ सुरू गरेको हो । साथै संघले लैङ्गिक हिंसा सम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशनमा ल्याएको छ ।

# क्षमता अभिबृद्धि




*पालिकामा पैरवीको अभ्यास गर्दै तालिममा* सहभागीहरू

## अपाङ्गता भएका व्यक्तिका अधिकारका लागि बनेका कानुनका बारेमा पुनर्ताजगी तालिम

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि आएका अन्तर्राष्ट्रिय सन्धी, महासन्धि, नेपाल सरकारले अपाङ्गता अधिकार सुनिश्चित गर्न बनाएका कानुन नियमका बारेमा नेपाल अपाङ्ग महिला संघले यो वर्ष दुईवटा पुनर्ताजगी तालिम आयोजन गऱ्यो । संघले आफ्ना सदस्यहरू र अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित संघ संस्थाका प्रतिनिधिहरू अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनका बारेमा जानकार भइ आफ्ना अधिकार सम्बन्धित निकायसँग पैरवी गर्न र कानुन कार्यान्वयनका लागि सामूहिक दवाव दिन सक्षम हुन् भन्ने उद्देश्यले यी तालिमको आयोजना गरिएको हो ।

सीवीएम ग्लोवल डीसेविलीटी इन्क्लुजनसँगको सहकार्यमा पहिचान परियोजना अन्तर्गत भएको तालिममा गोर्खा, दोलखा, कञ्चनपुर, बाँके, रौतहट, महोत्तरी, सिराह, धादिङ, काठमाडौं, काभ्रेलगायत उपत्यकाका तीनै जिल्लाका नेपाल अपाङ्ग महिला संघका साधारण सदस्य र अपाङ्गता भएका महिला र व्यक्तिको अधिकारका लागि काम गर्दै आएका संघसंस्थाका प्रतिनिधि गरी ६६ जनाको सहभागिता थियो ।

# अपाङ्गता भएका महिलाका लागि नेतृत्व विकास तालिम



तालिममा सुनाइ सम्बन्धी अपाङ्गता भएकी सहभागी छलफलमा सहभागी हुँदै

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिलाका लागि वकालत नेतृत्व विकास र कानुनी अधिकार सम्बन्धी तीन दिने तालिमको आयोजना गऱ्यो । तालिममा अपाङ्गता भएका महिलाले आफ्ना सवालमा कसरी पैरवी गर्ने, पैरवीका सवालहरूलाई कुन कुन माध्यममा कसरी तयार गर्ने र कसरी यी सवाललाई सरोकारवाला समक्ष प्रस्तुत गर्ने भन्ने विषयमा छलफल भएको थियो। साथै आफ्ना सवालहरूलाई सरोकारवाला समक्ष पुऱ्याउन नेतृत्व विकासको आवश्यकता, नेतृत्वमा हुनुपर्ने गुण, सवालका लागि कानुनी ज्ञानको आवश्यकताका बारेमा सहभागीलाई जानकारी दिइएको थियो ।

सीवीएम ग्लोवल डीसेविलीटी इन्क्लुजनसँगको सहकार्यमा पहिचान परियोजना अन्तर्गत भएको तालिममा सिराह, महोत्तरी, कञ्चनपुर, गोरखा, धादिङ, काभ्रे, काठमाडौं, ललितपुरका गरी ३२ जना बिभिन्न अपाङ्गता भएका महिलाको सहभागिता थियो ।

## अपाङ्गता भएका महिलालाई आर्थिक शसक्तिकरण तालिम

वोमन काइण्ड वर्ल्डवाइडसँगको सहकार्यमा अवरोध हटाऔं, न्यायमा पहुँच बढाऔं परियोजना अन्तर्गत काभ्रे र ललितपुर जिल्लाको समूहमा आबद्ध तथा हिंसाको जोखिम तथा हिंसा प्रभावित २५ जना अपाङ्गता भएका महिलालाई आयआर्जन तालिम प्रदान गरियो ।

तालिमपछि २१ जना अपाङ्गता भएका महिलालाई विभिन्न आयआर्जनका क्रियाकलाप सञ्चालन गर्नका लागि विउँपुजी प्रदान गरिएको छ । उनीहरू हाल सिलाइ, कम्प्युटर, पार्लर, डलकुशन, वाख्रापालन गरी आ-आफ्ना व्यवसायमा संलग्न रही आयआर्जन गरिरहेका छन् ।

## संगीता थिङ लामा, काभ्रे

नेपाल अपाङ्ग महिला संघले अवरोध हटाऔं, न्यायमा पहुँच बढाऔं परियोजना अन्तर्गत दृष्टिविहिन संगीता थिङ लामालाई दुईदिने उद्यमशिलता विकास तालिम दियो ।

तालिमपछि संगीतालाई आर्थिक सशक्तिकरण गर्न घुम्ति कोष अन्तर्गत नाङ्‌ग्लो पसल राख्न केही आर्थिक सहयोग उपलब्ध गरायो ।

उनले उक्त नगदबाट पसलका लागि सामान खरिद गरिन् । हाल उनी काभ्रेको बनेपास्थित वडा ७ चारदोबाटोमा नाङ्‌ग्लो पसल राखी आफ्नो जिविका चलाइरहेकी छन् ।



## ललिता मैनाली, काभ्रे

नेपाल अपाङ्ग महिला संघले अवरोध हटाऔं, न्यायमा पहुँच बढाऔं परियोजना अन्तर्गत अपाङ्गता भएका महिलाको आर्थिक शसक्तिकरणका लागि शारिरीक अपाङ्गता भएकी काभ्रेकी ललिता मैनालीलाई ७ दिने डल बनाउने तालिम प्रदान गर्‍यो ।

तालिमपछि उनलाई सामान खरिदका लागि केही आर्थिक सहयोग गरिएको थियो । हाल उनी आफ्नै घरमा बसेर डल कुशन बनाउँछिन् र बेच्छिन् ।

तर बजारीकरणमा समस्या भएको उनी बताउँछिन् ।



# घटना व्यवस्थापन तालिम



नेपाल अपाङ्ग महिला संघले काठमाडौंमा आयोजना गरेको तीन दिने घटना व्यवस्थापन तालिम आयोजना गऱ्यो । वोमेन काइण्ड वर्ल्डवाइडको सहयोगमा भएको तालिममा कर्मचारी, पालिकास्थित न्यायिक समितिमा कार्यरत सरकारी कर्मचारीहरू र नेपाल अपाङ्ग महिला संघको कार्यकारी समितिका पदाधिकारी र सदस्यहरू सहभागी थिए ।

तालिमको मुख्य उद्देश्य अपाङ्गता भएका महिलामाथि हुने हिंसाका घटनाको व्यवस्थित र प्रभावकारी घटना व्यवस्थापन, यसको दस्तावेजीकरण, परामर्श, वकालत र समन्वयमा सहभागीहरूको क्षमता विकास गर्नु हो । साथै वर्तमान शासन प्रणाली, नीति, सेवा र न्याय संयन्त्रको अपाङ्गता र अपाङ्गता भएका महिलाविरूद्ध हुने हिंसा सम्बन्धी ज्ञान र चेतना, जिल्ला र केन्द्रीयस्तरमा उपलब्ध सेवाहरूको पहुँचलाई जोड्ने क्षमता विकास गर्ने उद्देश्य तालिमको रहेको थियो । तालिममा १५ जना अपाङ्गता भएका महिलासहित विभिन्न क्षेत्रका २६ जनाको सहभागिता थियो ।

# समुदायका महिलालाई लैंगिक हिंसा सम्बन्धी अभिमुखीकरण



नेपाल अपाङ्ग महिला संघले ओमेन काईन्ड वर्ल्डवाइडको सहयोगमा संचालित अवरोध हटाऊ न्यायमा पहुँच बढाउँ परियोजना अन्तर्गत काभ्रे र ललितपुरमा 'अपाङ्गता भएका महिला तथा बालबालिकाहरूका लागि लैङ्गिक हिंसा सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम आयोजना गरियो । अपाङ्गता भएका व्यक्तिमाथि हुनसक्ने सम्भावित हिंसाहरूको न्युनीकरण गर्न र रोकथामका उपायहरू बारे जानकारी दिने उद्देश्यले अपाङ्गता भएका महिलाहरू र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका अभिभावकहरूलाई समावेश गरी यी आयोजना गरिएको १० वटा अभिमुखीकरणमा २५१ जना सहभागी भए ।



अभिमुखीकरणमा कार्यक्रममा अपाङ्गताको परिचय र परिभाषा तथा वर्गिकरण बारे जानकारी गराउनुका साथै अपाङ्गता परिचयपत्रको महत्व बारे सम्बन्धी जानकारी समेत दिईएको थियो । स्थानीय तहमा रहेका अपाङ्गता समन्वय समितिको काम र कर्तव्यसहित अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले व्यवस्था गरेका सेवा-सुविधा बारे पनि अभिमुखीकरणका क्रममा जानकारी दिइएको थियो ।

# अपाङ्गता र समावेशी विकासमा सरोकारवालाहरुसँग छलफल



*अपाङ्गता र समावेशी विकास सम्बन्धी काभ्रेमा सरोकारवालाहरूसँग छलफल*

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता र समावेशी विकास सम्बन्धी सरोकारवालाहरूसँग छलफल गरेको छ । संघले मंसिर १९ गते काभ्रे र ललितपुरमा आयोजना गरिएको अन्तर्क्रियामा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिमाथि हुने भेदभाव अन्त्य गरी राजनीतिक, आर्थिक र सामाजिक विकासमा समावेशीका लागि आवाज उठाउने प्रतिवद्धता जनाएका थिए । राज्यले गर्ने हरेक काममा अपाङ्गता भएका व्यक्तिको समावेशीता र हरेक सेवा र भौतिक पुर्वाधार अपाङ्गतामैत्री र पहुँचयुक्त हुनुपर्ने सवाललाई वहसमा ल्याउन यो कार्यक्रमको आयोजना गरिएको हो । उक्त अन्तर्क्रियामा स्थानीय पालिकाका प्रतिनिधि, प्रहरी, नागरिक समाजका प्रतिनिधि र अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गरेका संघसंस्थाका प्रतिनिधिलगायत ५१ जनाको सहभागिता थियो ।

नेपाल अपाङ्ग महिला संघले राज्यले तोकेको हरेक क्लष्टरमा अपाङ्गता समावेशीमा ध्यान दिन आवश्यक रहेको र महिलाका लागि आएका हरेक कार्यक्रममा लैङ्गिक समानता, अपाङ्गता सामाजिक समावेशीको अवधारणामा काम गर्नुपर्ने आवाज उठाउँदै आएको छ ।

# सिड सम्बन्धी अन्तर्क्रिया



*सिड सम्बन्धी अन्तर्क्रियापछि सामूहिक तस्वीरमा संयुक्त राष्ट्रसंघ सिड कमिटीका सदस्य बन्दना राणासहित अन्य सहभागी*

नेपाल अपाङ्ग महिला संघको समन्वय र साथी संस्थाको आयोजनामा महिलामाथि हुने सवै प्रकारका विभेद अन्त्य गर्ने महासन्धी सिडले अपाङ्गता भएका महिलाका विषयलाई कसरी सम्बोधन गर्छ भन्ने विषयमा अपाङ्गता भएका महिलासँग अन्तक्रिया कार्यक्रमको आयोजना गरियो ।

संयुक्त राष्ट्र संघ सिड कमिटीका सदस्य बन्दना राणाले सहजीकरण गर्दै सिडले सारभुत समानताको सिद्धान्तका विषयमा कुरा गर्ने भएकाले अपाङ्गता भएका महिलामाथिको हिंसा र विभेदको विषय समेटेको बताउनुभयो ।

अन्तक्रियामा उहाँले सिड के हो, सिडले के के विषय समेट्छ र कसरी रिपोर्टिङ र अनुगमन हुन्छ भन्ने विषयमा जानकारी दिनुभयो। महिलामाथि हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी सिडमा नेपालले २०४८ सालमा हस्ताक्षर गरेको हो ।

यो महासन्धीका ३० वटा धारा छन् जसमध्ये १ देखि १६ सम्मका धाराले विषयगत कुरालाई सम्बोधन गरेको छ भने बाँकी १४ वटा धारा प्रशासनिक विषयका बारेमा छ । संयुक्त राष्ट्र संघका १९४ सदस्य राष्ट्र मध्ये १८९ राष्ट्रले यो महासन्धी अनुमोदन गरेका छन् । कार्यक्रममा अपाङ्गता अधिकारको क्षेत्रमा काम गर्नेलगायत ३१ जनाको सहभागिता थियो ।

# दिगो विकास तथा शुसासन समितिमा अपाङ्गताको विषयमा छलफल



*महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य मन्तव्य राख्दै*

राष्ट्रिय सभा अन्तर्गत दिगो विकास तथा शुसासन समितिले आयोजना र नेपाल अपाङ्ग महिला संघको समन्वयमा दिगो विकास लक्ष्य कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाका बारेमा अन्तर्क्रिया सम्पन्न भयो । अन्तर्क्रियामा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यले बजेटमा संघीय प्रदेश र प्रत्येक स्थानीय तहले अपाङ्गता भएका व्यक्तिका लागि बजेट छुट्ट्याउनुपर्ने र सरकारका तीनवटै संरचनाले अव आउने बजेटमा अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गरेको हुनुपर्नेमा जोड दिनुभएको थियो । बैठकमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव सुमनराज अर्यालले मन्त्रालयले अपाङ्गतामैत्री नेपाल बनाउन सूचकहरू तयार पार्न लागिएको जानकारी दिनुभयो ।

महिला आयोगका अध्यक्ष कमला पराजुलीले हिंसा पीडित महिलाका लागि बनेका सुरक्षित आवास गृहहरू अपाङ्गतामैत्री नभएको, एकद्वार संकट व्यवस्थापन केन्द्र र बर्थिङ सेण्टरहरू पहुँचयुक्त नभएका कारण अपाङ्गता भएका महिला सामान्य सेवा सुविधाबाट बञ्चित हुनुपरेको बताउनुभयो ।



*अन्तर्क्रियामा सहभागी मन्त्री सांसदलगायत अन्य सरोकारवाला*

वैठकमा अन्तरपार्टी महिला सञ्जालका अध्यक्ष यशोदा सुवेदी, सांसद कमला पन्तलगायतले अपाङ्गताको प्रकार अनुसार कार्ड पाउने सवैलाई सामाजिक सुरक्षा भत्ता र अपाङ्गतामैत्री भौतिक संरचनाका लागि पहल गरिनुपर्ने बताउनुभयो ।

दिगो विकास तथा शुसासन समितिका सभापति प्रकाश पन्थले सरकारले नीति कार्यक्रम र बजेट बनाउँदा दिगो विकास लक्ष्यका सूचकहरू सुधार हुने गरी बनाउनु पर्ने बताउनुभयो । बैठकमा १४ जना सांसद र अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधि गरी ४३ जना सहभागी थिए ।

# नेपाल पिपल्स फोरममा संघको सहभागिता

दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जालले आयोजना गरेको दिगो विकास लक्ष्य सम्बन्धी एकदिने नेपाल पिपल्स फोरममा कोही पछाडी नछुट्न् (Leave No one Behind) विषयमा नेपाल अपाङ्ग महिला संघले अन्तर्क्रिया गऱ्यो ।

उक्त अन्तर्क्रियामा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापा, दलित अभियन्ता गणेश विक, सीविएम ग्लोवलका कार्यक्रम अधिकृत विमल पौडेल प्यानलिष्टको रुपमा सहभागी थिए ।




*नेपाल पिपल्स फोरममा कोही पछाडी नछुट्न विषयको सत्र सहजीकरण गर्दै संघका अध्यक्ष टीका दाहाल*

प्यानलको सहजीकरण संघका अध्यक्ष टीका दाहालले गर्नुभएको थियो । यो सत्रमा ४५ जना सहभागी थिए । जसमध्ये २९ जना महिला थिए ।

सो अन्तर्क्रियामा वोल्दै प्यानलिष्टहरूले संविधानले पहिचान गरेका बिभिन्न क्लष्टरहरू जस्तै महिला, दलित, जनजाति, मुश्लिमलगायतलाई केन्द्रमा राखेर सूचकहरू नबनाउँदा दिगो विकास लक्ष्य हासिल गर्न चुनौती भएको औंल्याए । 'भौगोलिक रूपमा पछाडी पारिएकालगायत सम्पूर्ण सिमान्तकृत समुदायहरूको समग्र विकासमा महत्वपूर्ण अवसर भएपनि दिगो विकास लक्ष्य यिनीहरूसँग जोडिएन' उनीहरूको भनाइ थियो ।

कार्यक्रममा सीवीएम ग्लोवल डीसेविलीटी इन्क्लुजनका कार्यक्रम अधिकृत विमल पौडेलले दिगो विकास लक्ष्य हासिल गर्न तथ्याङ्क प्राथमिक भएका कारण मध्यावधि समीक्षाबाटै तथ्याङ्क राख्ने काम सुरू गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमको उद्घाटनमा नेपाल दिगो विकास लक्ष्य कार्यान्वयनको मध्यमा आइपुग्दा नेपालले १२ प्रतिशतमात्रै लक्ष्य हासिल गरेको जानकारी दिइएको थियो । पिपल्स फोरममा दिगो विकास लक्ष्यसँग सम्बन्धित विषयमा विभिन्न ५ वटा समानान्तर सत्र भएका थिए ।

# सिकाइको विश्वव्यापी ढाँचा सम्बन्धी शिक्षकहरुलाई पुनर्ताजगी तालिम

नेपाल अपाङ्ग महिला संघले सामुदायिक, विशेष र स्रोत विद्यालयमा पढाउने शिक्षकहरूका लागि सिकाइको विश्वव्यापी ढाँचा सम्बन्धी ३ वटा पुनर्ताजगी तालिम सम्पन्न गऱ्यो । काठमाडौंमा तीन चरणमा आयोजना गरिएको तालिमको उद्देश्य सिकाइको विश्वव्यापी ढाँचाका सिद्धान्तमा आधारित रहेर उच्च र न्यून प्रविधि प्रयोग गरी बालबालिकाको सिकाईमा विविधता र आवश्यकता सम्बोधन गर्न सहजीकरण गर्नुरहेको थियो ।



*तालिममा सहभागी शिक्षकहरू सक्रिय सहभागी हुँदै*

सिकाईको विश्वव्यापी ढाँचा (Universal Design for Learning (UDL) का ३ वटा सिद्धान्त) सहभागिता, प्रस्तुतीकरण र अभिव्यक्ति (Multiple means of Engagement, Representation and action and expression) का बहुविधिबाट प्रारम्भिक तहका बालबालिकाको सिकाई उपलब्धीमा सुधार ल्याउन सहयोग पुऱ्याइ सिकाईको विश्वव्यापी ढाँचालाई स्थानीयकरण गर्दै यसको प्रयोगमा ब्यापकताका लागि शिक्षकको क्षमता विकास गर्नु यो तालिमको अर्को उद्देश्य थियो ।



*न्यून प्रविधिका शैक्षिक सामग्रीबाट बालबालिकालाई पढाउने विधि वर्णन गर्दै एक शिक्षिका*

शिक्षकहरूलाई यीनै सिद्धान्तमा रहेर प्रारम्भिक तहका अन्यसँगै सिकाइमा संघर्ष गरिरहेका वा कठिनाइ भएका बालबालिकालाई कक्षा कोठामा न्यून र उच्च प्रविधि प्रयोग गरी समान सिकाइ कसरी हासिल गर्ने भन्ने बारेमा तालिममा सिकाइएको थियो ।

LEARN परियोजना All Children Reading: A Grand Challenge for Development (ACR GCD), USAID, World, र अष्ट्रेलियाली सरकारको आर्थिक सहयोग र विश्व शिक्षा (World Education inc.) को साझेदारीमा नेपाल अपाङ्ग महिला संघले Leveraging Existing Accessibility Resource in Nepal- LEARN परियोजना अन्तर्गत अपाङ्गता भएका बालबालिकालगायत प्रारम्भिक कक्षाका सबै बालबालिकाको भाषिक र पठन सिप सुधारका लागि बागमती प्रदेश अन्तर्गत ४६ वटा स्कुलका ७१ जना शिक्षकलाई यो पुनर्ताजगी तालिमको आयोजना गरेको हो ।

तालिममा काठमाडौं, ललितपुर, धादिङ र काभ्रेका प्रारम्भिक तहमा पढाउने शिक्षकहरू सहभागी थिए । शिक्षा मानवश्रोत तथा विकास केन्द्र सानोठिमीसँगको सहकार्यमा र केन्द्र कै प्राविधिक सहयोगमा तयार गरिएको तालिम सामग्रीमा आधारित रही तालिम दिइएको हो ।

# विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र वडा प्रतिनिधिलाई अभिमुखीकरण

नेपाल अपाङ्ग महिला संघले उच्च र निम्न प्रविधिका सिकाइ सामग्री र तालिम उपलब्ध गराएका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक अभिभावक संघका अध्यक्ष र वडाका प्रतिनिधिसँग पाँचवटा अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । संघले काठमाडौं, ललितपुर, धादिङ र काभ्रेमा गरी पाँचवटा छलफल कार्यक्रम गरेको हो ।



*प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, शिक्षक अभिभावक संघका अध्यक्ष र वडाका प्रतिनिधि पालिकाका शिक्षा शाखाका प्रमुखहरू*

सिकाइको विश्वव्यापी ढाँचाका सिद्धान्तमा आधारित रहेर उच्च र न्यून प्रविधि प्रयोग गरी बालबालिकाको सिकाइमा विविधता र आवश्यकता सम्बोधन गर्न सहजीकरणका लागि शिक्षकहरूलाई तालिम दिइसकेपछि यसका बारेमा जानकारी गराउन विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र वडाका प्रतिनिधिलाई अभिमुखीकरणको आयोजना गरिएको हो । अभिमुखीकरणमा प्रधानाध्यापकहरू, सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्यहरू, शिक्षक, अभिभावक संघका अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी ४० वटा विद्यालयका ८६ जनाको सहभागिता रहेको थियो ।




*प्रदेशस्तरीय परामर्शमा एडटेक टुलकिट सार्वजनिक गर्दै अतिथिहरू*

यसैगरी LEARN परियोजना अन्तर्गत नै नेपालमा पहुँचयुक्त शैक्षिक स्रोतहरूको विस्तार (लर्न) परियोजना अन्तर्गत गरेका गतिविधिको समीक्षा र अनुभव आदानप्रदान गर्न एक प्रदेशस्तरीय परामर्श कार्यक्रम गर्‍यो ।

LEARN परियोजनाले एकवर्षमा गरेका काम र उपलब्धीका बारेमा छलफल गर्नका लागि यो कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा शिक्षा तथा मानव विकास स्रोत केन्द्र, अपाङ्गता अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधि, विश्व शिक्षा, विभिन्न विद्यालयका प्रधानाध्यापक र शिक्षक, नगरपालिका अन्तर्गत शिक्षा शाखाका प्रमुखहरू गरी ९० जनाको सहभागिता थियो ।

नेपाल अपाङ्ग महिला संघले विश्व शिक्षासँगको साझेदारीमा बागमती प्रदेशका १० वटा स्रोत कक्षा, ११ वटा विशेष विद्यालय र २८ वटा मूलधारका विद्यालयका ५८१ जना अपाङ्गता भएका बालबालिका तथा ६,२९५ जना प्रारम्भिक कक्षाका वालवालिकालाई सिकाइको विश्वव्यापी ढाँचाको अवधारणासहित प्रविधिमैत्री सिकाइका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्‍यो ।

# अध्ययन अनुसन्धान

नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिलाको न्यायमा पहुँचको अवस्था र अवरोधको विश्लेषण गर्न अध्ययन गरेको छ । सेवा प्रदायक निकायसहित अन्य सरोकारवालबीच उक्त अध्ययनको निष्कर्ष सार्वजनिक गरेको छ । वोमेन काइण्ड यू केको सहयोगमा गरिएको यस अध्ययन प्रतिवेदन सार्वजनिक गर्न आयोजित कार्यक्रममा विभिन्न पालिका र नागरिक समाजका प्रतिनिधि गरी ३३ जनाको सहभागिता थियो ।



*अपाङ्गता भएका महिलाको न्यायमा पहुँचको अवस्था र अवरोधको विश्लेषण सम्बन्धी अध्ययनको निष्कर्ष सार्वजनिक गर्न आयोजित कार्यक्रम*

उक्त अध्ययन प्रतिवेदनले अपाङ्गता भएका महिलाको न्यायमा पहुँचको अवस्था अत्यन्तै कठीन र जटिल रहेको देखाएको छ । अपाङ्गता भएका महिलाका लागि न्याय पाउने वातावरण नभएका कारण उनीहरू न्यायिक प्रक्रियामा जान इच्छुक नभएको र सेवा प्रदायक निकायले दिने सेवा प्रभावकारी नभएको निष्कर्ष अध्ययनको छ । महिलाहरू

आफूमाथि भएको हिंसाका बारेमा वोलेमा इज्जत जाने वा महिलाले सहनुपर्छ भन्ने स्थापित भाष्यले अपाङ्गता भएका महिलामा पनि प्रभाव पारेकाले उनीहरू आफुमाथिको हिंसा सहेर बस्ने गरेका उक्त अध्ययनको निष्कर्ष छ ।

अध्ययनका अनुसार अपाङ्गता भएका महिलाहरू धेरैजसो आफ्ना परिवारमा आश्रित हुनुपरेका कारण न्याय पाउने वातावरण छैन, तर परिवार र समुदायबाट सहयोग र समर्थन पाउने अपाङ्गता भएका महिला भने न्यायको खोजीमा लाग्ने गरेका छन् । न्याय दिने निकायहरू र प्रहरीले अपाङ्गता भएका हिंसा प्रभावित महिलाका पक्षमा प्रमाण जुटाउन गाह्रो हुने गरेको बताएको कुरा अध्ययनमा उल्लेख छ ।

# नीति पुनरावलोकन

अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी ऐनलाई महिला र यसभित्रको अन्तरसम्वद्धता दृष्टिकोणबाट पुनरावलोकन गरिएको छ । संयुक्त राष्ट्र संघसँगको सहकार्यमा गरिएको यस पुनरावलोकनका क्रममा मानवअधिकार, अपाङ्गता अधिकार सम्बन्धी महासन्धी UNCRPD र लैङ्गिक अन्तरसम्बद्धताको दृष्टिकोणबाट यी नीतिको पुनरावलोकन गरिएको हो ।



*सांसद र सरोकारवालाबीच छलफलमा सहभागी*

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले अपाङ्गता अधिकार सुनिश्चित गर्न गरेका व्यवस्थाहरू बाध्यकारी नभएको, ऐनले अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकारको व्यवस्था त गरेको छ तर त्यसलाई निर्देश नगरेको, कानुनले अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्तताको कुरा गरेको तर पहुँचयुक्त बनाउन के के आवश्यक छ त्यो कुरा नतोकिएको कुरा पुनरावलोकनका क्रममा औंल्याइएको छ । तर जुन कुरा अपाङ्गता अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीले स्पष्ट उल्लेख गरेको छ । त्यसैले सेवाहरूका बारेमा स्पष्ट नतोकिएकाले राज्यलाई यी व्यवस्था र सेवाहरू प्रदान गर्न बाध्यकारी नबनाइए उल्लेख छ । नेपाल अपाङ्ग महिला संघले उक्त पुनरावलोकनले औंल्याएका बुँदाहरू सांसद र सरोकारवालकाबीच छलफल गरेको थियो । संयुक्त राष्ट्र संघीय कार्यक्रम यूएनडीपीसँगको सहकार्यमा नीति पुनरावलोकको समीक्षा र छलफल गर्न आयोजित कार्यक्रममा ६ जना सांसदसहित ३७ जना सहभागी थिए ।

# एसिया प्रशान्त क्षेत्रीय सम्मेलनमा संघको सहभागिता



डिसेम्बर ६ देखि १०, २०२३ मा दुई फरक कार्यक्रम थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न भए ।

पहिलो कार्यक्रम अपाङ्गता भएका महिलाको एशिया प्रशान्त क्षेत्रीय संजाल APWWDU पुनर्गठन गरी दुईदिने बैठक आयोजना भयो ।

उक्त एशिया प्रशान्त क्षेत्रीय संजालको वैठकमा नेपाल अपाङंग महिला संघका संस्थापक सदस्य टीका दाहाललगायत महासचिव देवकुमारी पराजुली र कोषाध्यक्ष शोभा विष्टको सहभागिता रह्यो । उक्त बैठकको संयोजन र समन्वय युएन ओमन एसियाले गरेको थियो ।

यसैगरि तीन दिने एशिया प्रशान्त क्षेत्रीय अपाङ्गता भएका महिलाको पहिलो सम्मेलनमा पनि नेपाल अपाङ्ग महिला संघका पदाधिकारीको सहभागिता रह्यो ।



*नेपाल अपाङ्ग महिला संघका अध्यक्ष टीका दाहाल नेपालस्थित सीविएम ग्लोवल डिसेविलिटी इन्क्लुजनको सल्लाहकार समितिमा मनोनयन भएपछि । साथमा समितिका अन्य सदस्यहरू*

# दिवसहरुमा अभियान र्‍याली




*अपाङ्गता भएका व्यक्तिहरूको ३२ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा गरिएको काठमाडौंमा प्रभातफेरीमा सहभागी*

अपाङ्गता भएका व्यक्तिहरूको ३२ औं अन्तर्राष्ट्रिय दिवस डिसेम्बर ३ का अवसरमा काठमाडौंमा प्रभातफेरीको आयोजना गरियो । 'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धतास अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता' भन्ने मूल नारासहित महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको संयोजन र राष्ट्रिय अपाङ्ग महासंघको आयोजनामा उक्त दिन विहान आयोजना गरिएको जनचेतनामूलक र्‍यालीमा नेपाल अपाङ्ग महिला संघले सहभागिता जनायो ।

भद्रकालीदेखि सुरू भएको र्‍याली भृकुटीमण्डप पुगेर भेला भई समापन भएको थियो । र्‍यालीमा लगभग पाँचसय जना सहभागी थिए। विश्व स्वास्थ्य संगठनको आह्वानमा सन १९९२ देखि बर्सेनी डिसेम्बर ३ मा संसारभर विश्व अपाङ्गता दिवस मनाइन्छ । यसैगरि सोह्रदिने अभियानका क्रममा नेपाल अपाङ्ग महिला संघका पदाधिकारीहरू सरोकारवालले गरेका विभिन्न कार्यक्रममा सहभागी भइ आफ्ना सवालहरू प्रस्तुत गरेका थिए । साथै सञ्जाललाई अपाङ्गता भएका महिलाको आन्दोलनका बारेमा अभिमुखीकरण पनि गरिएको थियो ।

## पहुँचयुक्त ढाँचामा सूचना, संचार र प्रकाशनहरू

नेपाल अपाङ्ग महिला संघले सूचना तथा संचारमा पहुँचयुक्तताका लागि पनि निरन्तर आवाज उठाउँदै आएको छ । पहुँचयुक्त सूचना सम्प्रेषणका लागि संस्थाले आफुले प्रकाशन गर्ने सूचनामूलक सामग्रीहरू पनि पहुँचयुक्त ढाँचामा प्रकाशन र प्रशारण गर्दै आएको छ । यो वर्ष संस्थाले प्रकाशन गरेका इ–बुलेटिन, जानकारीपत्र, वार्षिक बुलेटिनहरू पहुँचयुक्त ढाँचामा आफ्नो वेवसाइटमा प्रकाशन गर्दै आएको छ । संस्थाले आफूले गरेका सम्पूर्ण गतिविधिहरूको डिजिटल दस्तावेजीकरणलाई निरन्तरता दिएको छ ।

### प्रकाशन

यो वर्ष नीतिगत दवाव र पैरवीका लागि विभिन्न प्रकाशनहरू गरिएको छ ।
यी निम्न छन् :

१ पैरवी पुस्तिका

२ क्षमता अभिवृद्धी रूपरेखा

३ लैङ्गिक तथा अपाङ्गता टुलकीट

४ लैंगिक हिंसा सम्बन्धी सचेतना सामग्री

## सुरक्षित वास र पुनःस्थापना

संस्थाले हिंसा प्रभावित अपाङ्गता भएका महिला र बालिकाहरूको उद्धार, कानुनी सहायता र पुनर्स्थापनाका कार्यलाई निरन्तरता दियो । यसवर्ष पनि संघले सातै प्रदेशबाट ६ जना बलात्कार तथा यौन हिंसा प्रभावित अपाङ्गता भएका महिला र बालिकालाई न्यायमा पहुँचका लागि रि फर गऱ्यो । साथै १३ जना अपाङ्गता भएका महिलालाई संस्थाद्वारा सञ्चालित पुनर्स्थापना गृहमा सेवा सुविधाहरू दिइरहेको छ ।


पुनर्स्थापना गृहबाट पाउने सेवा
मनोपरामर्श
सहायक सामग्री सहयोग
विभिन्न गतिविधिमा सहभागिता
न्यायमा पहुँच
शैक्षिक सहयोग
सीपमूलक तालिम र आयआर्जन
AI

## यो वर्ष नेपाल अपाङ्ग महिला संघले आयोजना गरेका विभिन्न गतिविधिमा सहभागीहरूको वर्गीकृत तथ्याङ्क


### जम्मा सहभागिता



जम्मा १५०७



महिला ११५२



पुरुष ३५५

### अपाङ्गताका आधारमा सहभागिता



शारीरिक अपाङ्गता ४१३



दृष्टिविहिन १०१



बहिरा ८५



बौद्धिक अपाङ्गता १७




अभिभावक ८९



स्वरबोलाइ ३०



मनोसामाजिक १२




## सिकाइहरू

- अपाङ्गता भएका हिंसा प्रभावित महिलाहरूको परिवार, समाजमा पुनःस्थापनामा निकै चुनौती भएको हुँदा राज्यले विशेष नीति र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन अत्यावश्यक,
- अपाङ्गता भएका महिलाहरू राजनीतिक र अन्य राज्यका निकाय र संरचनामा अपाङ्गता भएका महिलाको सहभागिताका मुद्दा छुटाइएकाले समावेशीताको मुद्दालाई सामूहिकरूपमा बलियो गरी उठाउन आवश्यक,
- अपाङ्गताभित्रको विविधताको मुद्दा सम्बोधनका लागि यसक्षेत्रमा कार्यरत संघसंस्था र अन्य सरोकार वालालाई संवेदनशील बनाउन वहस र छलफललाई व्यापक बनाउनुपर्ने,
- राज्यको पुनर्संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहमा अपाङ्गता भएका महिलाका सवाल र मुद्दाहरूमा वकालत पैरवी गर्न नीतिगत वकालत सहजीकरण पुस्तिका निर्माण हुनुपर्ने,

- स्थानीय तहमा निरन्तर वकालत र पैरवी गर्न नीतिपत्र र सञ्जालहरू तयार गरी नेतृत्वको दक्षता अभिवृद्धि र सक्रियता आवश्यकता भएको,
- आपत्कालिन सामग्री वितरणमा समानता भन्दा समताको आवश्यकता देखिएकाले सरोकारवालाहरूलाई यसबारेमा अझै पैरवी गर्नुपर्ने,
- आपत्कालिन योजना सेफ्टी प्रोटोकल निर्माण गर्नुपर्ने (महामारी तथा अन्य विपद्को अवस्थामा),
- स्थानीय तहमा निरन्तर वकालत गर्नका लागि नीतिपत्र तयार गर्ने र नेतृत्वको दक्षता अभिवृद्धि र सक्रियता आवश्यकता भएको ।

## सरकारी सहयोग र साझेदारी

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- बागमती प्रदेश
- जिल्ला, प्रदेश र पालिकाहरूमा संघको पैरवीका कारण अपाङ्गता भएका व्यक्तिका लागि बजेट विनियोजन र कार्यक्रम समावेश

## अन्तर्राष्ट्रिय निकायसँगको साझेदारी

नेपाल अपाङ्ग महिला संघले लामो समयदेखि विभिन्न अन्तर्राष्ट्रिय समुदाय र निकायहरूसँग समन्वय, साझेदारी र सहकार्य गर्दै आइरहेको छ । उक्त कार्यलाई निरन्तरता दिंदै साथै नयाँ सम्भावनाहरूको खोजी गरी निम्न निकाय तथा संस्थासँग साझेदारी र सहकार्यलाई अगाडी बढाइयो ।

- CBM Global Disability Inclusion
- Women Kind Worldwide
- Asia Pacific Women Law & Development (APWLD),
- World Education Inc
- United Nations Trust Fund (UNTF)
- United Nations Women (UNWOMEN)
- Global Fund for Women

## मानव अधिकार संघ संगठन र संजालहरूसँगको समन्वय र सहकार्य

- दिगो विकास लक्ष्य राष्ट्रिय सञ्जाल
- आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी सञ्जाल
- अन्तरपुस्ता महिलावादी सञ्जाल
- महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जाल
- परिवार नियोजन संघ (FPAN)
- टेवा
- नेपाल मतदाता अधिकार मंच
- जुरी नेपाल

## अन्तर्राष्ट्रिय सञ्जालमा आबद्धता

- APWLD को सदस्यता
- WHDRPP मा सदस्यता

## Central Office

### Nepal Disabled Women Association (NDWA)

Rudramati Marga, Kalopul, Kathmandu, Nepal

Tel. : 00977–1–4535131

Email : ndwa.2009@gmail.com, info@ndwa.org.np

Website : www.ndwa.org.np

## Provincial Office

### Nepal Disabled Women Association (NDWA)

Mahendranagar, Kanchanpur

Mobile No. : 9848715561

Email : anitadhungana.ndwa@gmail.com

### Nepal Disabled Women Association (NDWA)

Biratchowk, Morang

Mobile No. : 9852057011

Email : ndwa.er@gmail.com


नेपाल अपाङ्ग महिला संघ

cbm

global disability inclusion